नि.का.सप्तरी द.नं. १(१०३९/०६/१८)-०३९/०४०

# नवीन साप्ताहिक

म.नि.हु.का.द.नं. ६/०६४/०६५

वर्ष ३८ अंक ३४ २०७६ साल चैत ९ गते आइतवार (22 Mar. 2020 Sunday) मूल्य रु. ७/-

**२०७५ साल भदौ १ गते लागू भएको देवानी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- मासिक बीस हजार रुपैयाँभन्दा बढीमा घर बहालमा दिंदा घर बहालमा लिने दिने व्यक्तिले लिखित सम्झौता गर्नु पर्ने,
- काम लगाउने व्यक्तिले काम गर्ने व्यक्तिलाई कामको अनुपातमा ज्याला दिनु पर्ने,
- पचास हजार रुपैयाँ भन्दा बढी रकम लेनदेन गरी घरसारमा तयार भएको लिखत स्थानीय तहबाट प्रमाणित गराउनु पर्ने,
- धर्मपुत्र धर्मपुत्री राख्दा जिल्ला अदालतबाट प्रमाणीकरण गराउनु पर्ने,
- सार्वजनिक पदाधिकारीले पदीय हैसियतमा नाम र दर्जा खुलाई कुनै लिखतमा हस्ताक्षर गर्नु पर्नेमा सो नगरे पाँचसय रुपैयाँसम्म जरिवाना हुन सक्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र* – पृष्ठ २ मा : कोरोना भाइरसको संक्रमणबाट ... पृष्ठ ५ मा : कोरोना भाइरसको संक्रमणबाट ... पृष्ठ ५ मा : इटालीमा एकै दिन ६ सय २७ ...

# सप्तरीको चार स्थानमा कोरोना व्यवस्थापनका लागि अस्थायी अस्पताल संचालन हुँदै

**- गजेन्द्र नारायण सिंह अस्पताल**
**- छिन्नमस्ता मेडिकल कलेज एण्ड अस्पताल**
**- साई कृष्णा शिक्षण अस्पताल**
**- रुपनी गाउँपालिकास्थित युनिक अस्पताल**

**राजविराज**/कोरोना भाईरसको सम्भावित संक्रमणबाट जोगिन सप्तरीको चार स्थानमा कोरोना व्यवस्थापन अस्थायी अस्पताल संचालन हुने भएको छ।

सप्तरीका प्रमुख जिल्ला अधिकारी सुनिल खनालको अध्यक्षतामा शनिबार सम्पन्न बैठकले सो निर्णय गरेको हो।

सम्पन्न बैठकले कोरोना भाईरसबाट संक्रमित हुनेको उपचारका लागि राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पताल, छिन्नमस्ता मेडिकल कलेज एण्ड अस्पताल, साई कृष्णा शिक्षण अस्पताल र रुपनी गाउँपालिकास्थित युनिक अस्पताल गरी चार स्थानमा कोरोना व्यवस्थापन अस्थायी अस्पताल संचालन गर्ने निर्णय गरेको छ।

बैठकले हाल बन्द रहेको साई कृष्णा शिक्षण अस्पतालमा आवश्यक उपकरण जडान गरी क्वारेन्टाईन कक्ष संचालनमा ल्याउने तयारी गरिएको गजेन्द्र नारायण सिंह अस्पतालका प्रमुख डा. चुमन लाल दासले जानकारी दिदै गजेन्द्र नारायण सिंह अस्पताल, छिन्नमास्ता मेडिकल कलेज एण्ड अस्पताल र युनिक अस्पतालमा आईसोलेटेड बेडसहितको आईसोलेसन कक्ष निर्माण गर्ने तयारी गरिएको उनले बताए।

अस्थायी अस्पताल निर्माणका लागि राजविराजस्थित नेपाली सेनाको भिम दलगण राजविराज नगरपालिका, नेपाल प्रहरी, शसस्त्र प्रहरी, गजेन्द्र नारायण सिंह अस्पताल र जिल्ला स्वास्थ्य कार्यालय समेतको प्रमुख भुमिका रहेको छ।

यता प्रमुख जिल्ला अधिकारी सुनिल खनालले विश्वभर फैलिएको कोरोनाको संक्रमण छिमेकी मुलुक भारतमा पनि देखिएकाले जोखिम बढेको बताउँदै कोरोनो भाईरस यस क्षेत्रमा फैलिन नदिन साधन श्रोतले भ्याए सम्म प्रयास भईरहेको बताए। उनले यसबाट भयभित र आतंकित नहुन सर्वसाधारणलाई अपिल समेत गरे।

शनिबारै प्रमुख जिल्ला अधिकारी खनालको नेतृत्वमा भिमदलगणका प्रमुख गुप्त बहादुर कुवर, राजविराज नगरपालिकाका प्रमुख शम्भु प्रसाद यादव, जिल्ला प्रहरी कार्यालयका प्रमुख कृष्ण प्रसाई, सशस्त्र प्रहरी उपरिक्षक उद्दव बहादुर न्योपाने, गजेन्द्र नारायण सिंह अस्पतालका प्रमुख डा. चुमन लाल दाससहितको टोलीले कोरोना व्यवस्थापनका लागि संचालनमा ल्याउने अस्थायी अस्पतालका लागि छनौट गरिएका चार वटै अस्पतालको स्थलगत निरिक्षण समेत गरेका थिए।

यसैबीच राजविराज २ मा हाल बन्द रहेको साई कृष्णा अस्पतालमा कोरोना रोकथामका लागि स्थानिय प्रशासनले क्वारेन्टाईन कक्ष संचालनमा ल्याउने निर्णयको स्थानियवासीले बिरोध गरेका छन्। उनीहरुले घनाबस्ती भएकाले यस अस्पतालमा संक्रमित व्यक्तिलाई ल्याउँदा आफुहरु पनि असुरक्षित हुने चिन्ता व्यक्त गर्दै सो बिरोध गरेका थिए।

**बेरोजगार सूचीमा नाम दर्ता गर्नेबारे सूचना**

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आगामी आ .व.२०७७ मा 78/१००(एक सय (दिनको न्यूनतम रोजगारीमा संलग्न हुन चाहने बेरोजगार व्यक्तिले २०७६ चैत्र महिनाभर आफू स्थायी बसोबास गरेको वडा कार्यालयमा गई बेरोजगार सूचीमा नाम दर्ता गर्नुहुन सूचीत गरिन्छ।

नेपाल सरकार
संचार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**नोवेल कोरोना भाइरस (COVID-19) सामान्य रुघाखोकी भन्दा जटिल सङ्क्रमण हो, हालसम्म यसको उपचारको लागि औषधी पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो।**

**यसबाट बच्ने उत्तम उपायहरु:**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले र पछि साबुन पानीले राम्रोसँग हात धुने,
- अनावश्यकरुपमा घर बाहिर र भिडभाडमा नजाने,
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने,
- कुनै पनि व्यक्तिसँग तीन फिटको दुरी कायम गर्ने,
- जंगली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने,
- सकेसम्म पशुजन्य मासु नखाने,
- ज्वरो, रुघा र खोकी तथा स्वासप्रस्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने,
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु जम्माखोरी, कालोबजारी तथा लुकाइराखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने,

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# आजदेखी अत्यावश्यक सेवा बाहेक अन्य सेवा बन्द

**राजविराज**/कोरोना भाइरसको संक्रमणलाई नियन्त्रण र रोकथाम गर्नका लागि नेपाल सरकारले आजदेखी चैत २१ गतेसम्म अत्यावश्यक सेवा प्रदान गर्नेबाहेक सबै सेवाहरू बन्द गर्न सम्पूर्ण जनतालाई आग्रह गरेको छ।

प्रधानमन्त्री केपी शर्मा ओलीले शुक्रबार देशबासीलाई सम्बोधन गर्दै संघ, प्रदेश र स्थानीय तहका सार्वजनिक, सामुदायिक र निजी संस्थाबाट प्रदान गरिने अत्यावश्यक बाहेक सबै सेवा बन्द गर्न आग्रह गरेका हुन्।

अतिआवश्यक सेवा भन्नाले नेपाल राजपत्रमा १७ वटा अत्यावश्यक सेवा उल्लेख गरिएको छ। जसअनुसार डाँक, तार वा टेलिफोन सेवा, जल, स्थल वा हवाईमार्गबाट यात्री वा मालसामान ओसार पसार गर्न यातायात सेवा, हवाई अड्डा वा हवाई जहाजको देखभाल, त्यसको सञ्चालन वा मर्मत गर्ने कामसँग सम्बन्धित सेवा, हवाई ग्राउन्ड, रेलवे स्टेसन वा सरकारी गोदममा मालसामान ओसार पसार गर्ने वा राख्ने झिक्ने वा थन्क्याउने

*बाँकी पाँच पृष्ठमा*




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस्।

हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit
WESTERN UNION MONEY TRANSFER
Best Remit
Prabhu Money Transfer
City Express
IME International Money Express
IME pay
himal remit हिमालरेमिट
CG Money
MoneyGram money transfer

## सम्पादकीय

### कोरोनाको संक्रमणबाट जोगिन सतर्कता अपनाऔं

अहिले कोरोना भाइरसले विश्वलाई त्रसित बनाएको छ। चिनको हुवानबाट फैलिएको यो भाइरस विश्वव्यापी रुपमा फैलिदै गएपछि विश्व नै त्रसित बनेको छ। यो भाइरस अहिले विश्वका प्राय सम्पूर्ण मुलुक फैलिसकेको छ। यो भाइरसका कारण चीनपछि सबैभन्दा बढी मानविय क्षति इटलीमा भएको छ। हाल यो भाइरसको दक्षिण एसियाली मुलुकमा देखा पर्दै गएको छ। नेपालको छिमेकी मुलुक भारतमा समेत कोरोना भाइरसको संक्रमित बिरामीहरु फेला पर्न थालेको छ। भारतमा यो भाइरसका कारण चारजनाले जयन गुमाउने परेको छ भने झण्डै चार सय जना संक्रमित बनेका छन्।

यता नेपालमा हाल यस यस भाइरसबाट संक्रमित एक जना पनि व्यक्ति फेला नपरेपनि यसको नियन्त्रण र रोकथामका लागि सरकार लागि परेको छ। सरकारले कोरोनाको संक्रमणबाट जोगाउन आजदेखी केही दिनका लागि अतिआवश्यक सेवा बाहेक अन्य सेवाहरुमा रोक लगाएको छ भने सार्वजनिक यातायातका साधनहरु बन्द गर्ने निर्णय गरेको छ। यस भाइरसको संक्रमणबाट जोगिन मुखमा मास्क लगाउने, कसैसँग हात नमिलाउने तथा प्रत्येक आधा घण्टामा साबुन पानीले हात धुने बानी बसाल्नु पर्ने हुन्छ भने कम्तिको एक मिटरको दुरीमा कसैसँग कुरा गर्न सकेमा जोगिन सकिन्छ। यस्तै भिडभाड भएको स्थानमा नजाने तथा रुघाखोकी, १ सय ४ डिग्री ज्वरो आएमा वा टाउँको दुखेकेमा तुरुन्त स्वास्थ्य शाखामा गएर चिकित्सकको सल्लाह लिनु पर्छ।

कोरोना भाइरसका कारण हालसम्म विश्वभर ११ हजार बढी व्यक्तिले ज्यान गुमाउनु परेको छ भने लाखौं व्यक्ति यस भाइरसबाट संक्रमित भएका छन्। तसर्थ यस भाइरसबाट जोगिन सबैले सतर्कता मात्र अपनाए अवश्यक नै नियन्त्रण पाउन सकिने विश्वास रहेको छ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८


# कोरोना भाइरसको संक्रमणबाट आफू पनि सचेत रहौ, अरुलाई पनि सचेतना जगाऔं



**अमरनाथ मण्डल**

अहिले कोरोना भाइरसको आक्रान्तले दिनप्रतिदिन जनता जोखिमको अवस्थामा रहेको भन्दै चिन्तित छन्। शक्तिशाली राष्ट्रहरु पनि भाइरसको आक्रान्तबाट बच्न पाइरहेको छैन। तर , हाम्रो देशमा अहिलेसम्म आजको मितिको परिवेशमा एक जना पनि कोरोना भाइरसको संक्रमण नदेखिएको नेपाल सरकारले पुष्टि गरेका छन्। तर विश्वको सबै देशमा देखापरेको रोगको जटिलताले सवधानी नअपनाए हामी पनि उच्च जोखिमको केन्द्रबिन्दुमा उभिएका छौ। खुल्ला सिमाना भारतको रहेकोले भारतमा अहिले भाइरसको प्रकोप बढि रहेको सन्दर्भ लिएर नाकाहरुमा चेक पोष्टहरुलाई सक्रिय र चुस्तदुरुस्त नबनाई रोग भित्रिन नसक्ने भन्न सकिदैन।

छिटो र गतिको रुपमा सर्ने कोरोना भाइरस मानिस-मानिस बीचको रोग लागेका रोगीको स्पर्श हुने अवस्थामा पनि रोग सर्ने गरेको छ भने खोक्दा, हाँछ्यू गर्दा पनि रोग भएका व्यक्तिको नजिक रहेका व्यक्तिमा सर्ने गरेको छ। त्यसैकारणले भिडभाडमा नगई कमभन्दा कम व्यक्तिहरुसँग बस्ने उठने गरी आफ्नो जिउ तथा शरीरलाई सफा सुघर राखी मुखमा हात लिनु भन्दा पूर्व हातलाई सफा साबुन पानीले हात धुनु पर्ने बानीहरु बसाल्नु पर्छ। साथै मुख र नाक छोप्ने गरी भरपर्दो मास्कहरुको प्रयोग गर्नुपर्छ। बढि गरेर घरभन्दा बाहिर अहिले जटिल परिस्थितिमा ननिसकी आवश्यक काम पर्दा सावधानीपूर्वक यात्रा गर्नुपर्ने अवस्थाको सिर्जना गर्नुपर्छ। सभा, सेमिनार, भोजभतेर, व्रत वन्धनहरुमा भिडभाड नगरी अहिलेको परिस्थितिमा सावधानी अपनाई आफु पनि बच्ने, अरुलाई पनि बचाउने आवधारणालाई अंगिकार गरी सचेत रही सचेतनाको अवाजहरुलाई समय समयमा जनमानस समक्ष रोगबाट बच्ने उपाय तथा रोग नसर्न दिन विधिहरुको चेतना जगाउनुपर्छ।

सचेत नागरिकको कर्तव्य र दायित्वका आधारमा जनचेतनाहरुलाई स्थानीय सरकार तथा प्रदेश र केन्द्र सरकारहरुलाई खबरदारी गरी सचेतनाको कार्यक्रमहरु व्यापक रुपमा स्थानीय सरकारहरुबाट ठाउँ ठाउँमा, टोल टोलमा सके भने प्रत्येक घर-घरमा निर्वाचन प्रचारको अभियान जस्तै अभियान चलाउनुपर्ने आवश्यकताको सिर्जना गर्नुपर्छ। सरकारी दायित्व मात्र नभई गैर सरकारी संघ संस्थाहरुले पनि जनचेतनाको अभियानहरुलाई तिब्रताको रुपमा जनता समक्ष पुऱ्याउनुपर्ने अवस्थाको सिर्जना गर्नुपर्छ। त्यस्तै वडा अध्यक्षदेखि लिएर वडा सदस्यहरुले राजविराज नगरपालिका तथा अन्य नगरपालिकाहरुमा वडा स्तरीय सचेतना कार्यक्रमहरुको सुरुवातलाई अझै तिब्रता दिनुपर्ने आवश्यकता देखिन्छ। ग्रामिण क्षेत्रमा जनचेतनाको अभाव अति नै रहेको परिवेशमा गाउँपालिकाहरुले टोल-टोलमा गई जनचेतना जगाउनुपर्ने अवस्था देखिन्छ।

जनप्रतिनिधि मात्र होईन स्थानीय प्रशासनले पनि चालिरहेका कोरोना भाइरसको नियन्त्रणको गतिविधि तथा जोखिम हुन नदिन चालिरहेको गतिविधि सक्रियताको रुपमा अझै व्यापक बनाउनुपर्ने आवश्यकता देखिन्छ। जिल्लाका स्वास्थ्य संस्थाहरु लगायत ग्रामिण स्तरका स्वास्थ्य चौकी, उपचौकीहरु यस्तो बेलामा अझै सक्रियताको साथ जनमानसको स्वास्थको सन्दर्भ लिएर सक्रिय हुनुपर्ने आवश्यकता देखिन्छ। आफ्नो अभियानलाई व्यापक बनाउन तथा स्वास्थ्य र जनचेतनाको आधारहरुलाई अझै तदरुपताको साथ सर्वसाधारण सम्म पुऱ्याउनको लागि यहि बेलालाई शुभ अवसर ठानी स्वास्थ्य कर्मीहरु आफ्नो दक्षतालाई तिब्रताको साथ जनताको सेवामा समर्पित गर्नुपर्ने अवस्था देखिन्छ।

सर्वसाधारण जनमानसहरु तथा व्यक्ति र समुदायहरु पनि आफ्नो कर्तव्यको बोधलाई सार्थक तुल्याउनु पर्ने आवश्यकता देखिन्छ। किनभने रोग लाग्न नदिन हेलचक्राई नगरी रोगको लक्षणहरु तिब्र ज्वरो आउने, श्वासप्रश्वासको प्रक्रियामा तीब्रता आउनु, व्यापक रुपमा रुघाखोकी लाग्ने तथा घाटी दुख्ने, जस्ता लक्षणहरु देखापर्ने बित्तिकै चिकित्सकसँग परामर्श लिनुपर्ने तथा नजिकका स्वास्थ्य संस्थाहरुमा गई सेवा लिनुपर्ने आवश्यकता देखिन्छ। सामान्य रुघाखोकी तथा ज्वरो विभिन्न प्रकारका मौसमको कारण पनि हुने गरेको अवस्थामा आतनुपर्ने अवस्था नरहेको पनि तर सचेत नागरिकको परिचय दिई स्वास्थ्य जाँच गराउनुपर्ने आवश्यकता देखिन्छ। समयमा स्वास्थ्य जाँच भई कोरोना भाइरस संक्रमण भएको भेटिएपछि उपचार भइ निको हुने व्यक्तिहरुको संख्या कोरोना भाइरसबाट मृत्यु हुनेको संख्याभन्दा ९० प्रतिशत रहेको छ। त्यसैकारण त्यस्ता भाइरसबाट बच्नको लागि हामीले सावधानी अपनाउनु पर्ने अवस्थाको सिर्जना गरी बेलैमा सतर्कताको परिचय नागरिकले दिनुपर्ने आवश्यकता देखिन्छ।

नेपालमा आर्थिक अवस्थाको सन्दर्भ हेर्दा स्वास्थ्य जनशक्तिहरुको अवस्था हेर्दा तथा स्वास्थ्य उपकरणहरुको उपस्थिति हेर्दा विकशील राष्ट्रहरुभन्दा अत्ति नै न्यून मात्रामा हाम्रो स्वास्थ्य क्षमता रहेको आर्थिक क्षमता रहेको तथा जनशक्ति क्षमता रहेको अवस्थामा हामीले सबैभन्दा प्रमुख उपाय कोरोना भाइरसलाई हामी नेपालमा संक्रमण हुन नदिन सकेसम्म पर्याप्त रुपमा भए भरको जनशक्तिहरु प्रयोग गरी रोकथाम तिर सबैशक्तिहरुलाई प्रयोग गरी एउटा सक्रिय अभियानको नै तिब्रता दिनुपर्ने अवस्था देखिन्छ।

*बाँकी पाँच पृष्ठमा*


**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

**डा. दिनेश उप्रेती**

**Dr. Dinesh Upreti**

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

**कन्सलटेन्ट फिजिसियन**

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

**डा. पारसमणि शाह**

**Dr. Parasmani Shah**

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

**दुखाई विशेषज्ञ**

Anaesthesiology & Critical Care Medicine

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569



## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिबिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला।
८. किराना पसल सञ्चालकहरूले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला।

गुनासोका लागि

खाद्य प्रविधि तथा गुण नियन्त्रण डिबिजन कार्यालय राजविराज, सप्तरी

०३१-५२२५२३

# प्राकृतिक छनौटबाट कोरोना भाइरस (कोभिड १९)

**तुल्सीदास महर्जन**

अहिले विश्व कोरोनाभाइरसको महामारीबाट आक्रान्त छ। गत डिसेम्बरमा चीनको उहानबाट सुरु भएको कोभिड-१९ नामको भाइरसका कारण आजको मितिसम्ममा विश्वका २ लाखभन्दा बढी मानिसहरु संक्रमित भइसकेका छन् भने ९ हजारभन्दा ज्यादाको मृत्यु भइसकेको छ।

चीनमा ३ हजारभन्दा बढीको ज्यान लिएर यो भाइरस चीनबाहिर फैलिँदै गर्दा अहिले यसको आक्रमणको केन्द्र युरोपमा सरेको छ र त्यहाँ सबभन्दा बढी प्रभावित इटाली हुन पुगेको छ, जहाँ ४ हजारको हाराहारीमा मृत्यु र ३७ हजारभन्दा बढी संक्रमित भएको तथ्याङ्क आएको छ।

सम्भवतः यो लेख प्रकाशित हुँदासम्ममा उल्लेखित आँकडा अझ बढी उच्च भइसक्दछ। अहिले बढी प्रभावित भइरहेका मुलुकहरुमा युरोपमा स्पेन, जर्मनी, फ्रान्स, पोर्चुगल आदि छन् भने युरोपमा बाँकी अन्य सबै नै मुलुकहरुमा कोभिड १९ भाइरसले प्रवेश पाई असर देखाउन थालिसकेको छ। एशियामा चीनपछि सबभन्दा बढी प्रभावित मुलुकहरुमा इरान, दक्षिण कोरिया, जापान आदि परेका छन्। झण्डै २ सयको हाराहारीमा रहेका विश्वभरिका मुलुकहरुमध्ये मुश्किलले अब १५/२० वटा मुलुकहरुमात्र कोरोनाबाट अझै प्रभावित हुन बाँकी छन्।

अहिले भारतमा तीव्र गतिमा यो भाइरस फैलिने क्रम चलिरहेको छ। नेपालमा भने अहिलेसम्म एकजनामा मात्र यो भाइरस देखिएको छ, जो उपचारपछि निको भई सामान्य दिनचर्यामा फर्किसकेका छन्। तर, विश्व स्वास्थ्य संगठनले उच्च जोखिमको देश भनी सतर्क हुन आह्वान गरेपछि अहिले नेपाल सरकारले विद्यालय, कलेज, विश्वविद्यालय तथा सार्वजनिक भेला हुने सिनेमा हल, खेल क्षेत्रलगायतका सम्पूर्ण स्थलहरुको सञ्चालनमा कम्तीमा चैत मसान्तसम्मका लागि रोक लगाएको छ। साथै भाइरसको महामारी नै भइहालेमा त्यसबाट आम मानिसलाई बचाउनका लागि अस्पताल, स्वास्थ्य केन्द्रलगायतका विभिन्न स्वास्थ्य उपचारसँग सम्बन्धित संस्थाहरुलाई तयारी अवस्थामा राख्ने काम धमाधम भइरहेको छ।

**कोरोना भाइरस के हो त ?**

चीनको उहानमा कोरोना भाइरसको प्रकोप फैलिँदै गर्दा विश्वमा विभिन्न प्रकारका चर्चा परिचर्चा भए। कसैले के भने भने यो गलत नियतले प्रयोगशालामा कोही सूक्ष्मजीवशास्त्रीले (वंशाणु इन्जीनियरले) बनाई चीनतिर फालिएको कृत्रिम जीवाणु हो। कसैले चीनमै परमाणु औजारको टेस्ट गर्दा दुर्घटनावश यो भाइरसको सिर्जना भएको गफ दिए। धेरै समाचारहरुमा यो भाइरस जनावरबाट मानिसमा सरेको र यसो हुनुमा उहानमा जुनसुकै जङ्गली जनावरहरुलाई मारेर खाने चलन भएकोले यो पटक चमेरोको मासुबाट यो भाइरस मानिसमा सरेको हो भनी उल्लेख गरेको पाइयो। सत्य के हो प्रमाणिक रुपमा अहिलेसम्म बाहिर आएको छैन। तर, यी चर्चा परिचर्चामा दुईवटा फरक कुराहरु पाइन्छन् : एउटा यो प्राकृतिक जीवाणु हो भन्ने कुरो र अर्को यो कृत्रिम जीवाणु हो भन्ने। साँच्ची के हो त ?

गत मार्च १७ मा छापिएको 'नेचर मेडिसिन' नामको विज्ञान जर्नलमा वैज्ञानिक क्रिस्टियन एन्डर्सन भन्छन्, "हामीलाई थाहा भएको कोरोना भाइरसका प्रकारहरुमा उपलब्ध वंशाणुचित्र अनुक्रमसँग तुलना गरी हेर्दा हामी ठोकेर भन्न सक्छौं कि सार्स-कोभ-२ (कोभिड १९) प्राकृतिक प्रक्रियाबाट नै उत्पन्न भएको हो।"

इम्युनोलोजी (रोग प्रतिरोधी विज्ञान) र माइक्रोवायोलोजी (सूक्ष्मजीव विज्ञान) मा पिएचडि गरेका वैज्ञानिक एन्डर्सन उल्लेखित विधाका एशोसियट प्रोफेसर हुन्। उनी र अन्य वैज्ञानिकहरु टुलेन विश्वविद्यालयका रवर्ट एफ ग्यारी, सिड्नी विश्वविद्यालयका इडवार्ड होल्मेस, इडिन्बर्ग विश्वविद्यालयका एन्ड्रयु रामवउट र कोलम्बिया विश्वविद्यालयका डब्लू लान लिप्किनले संयुक्त रुपमा 'सार्स-कोभ-२ को सम्भावित उत्पत्ति' (The proximal origin of SARS-CoV-2) शीर्षकमा एउटा अनुसन्धात्मक लेख प्रकाशित गराएका छन्। सोही लेखमा माथि उल्लेखित कुरा समावेश भएको हो। त्यस लेखमा उनीहरुले कोही वंशाणु इन्जीनियरले जानीजानी नियतवश कोरोना भाइरसलाई सिर्जना गरेका हुन् भन्ने अनुमानलाई खारेज गरी त्यो वास्तवमा प्राकृतिक उद्विकास (natural evolution) बाट नै उत्पत्ति भएको हो भन्ने निष्कर्ष निकालिएको छ।

उल्लेखित कुराबाट हामी के निष्कर्षमा पुग्न सक्छौं भने वैज्ञानिकहरुले प्रयोगशालामा भाइरस जीवाणुलाई उत्पन्न पनि गर्न सक्दारहेछन्। अर्थात्, कृत्रिम भाइरस जीवाणु पनि हुन सक्दोरहेछ। साँच्ची भाइरस हो के त ?

उन्नाइसौं शताब्दीको अन्तिम दशकअघिसम्म मान्छेलाई सूक्ष्मतम जीवाणुको सन्दर्भमा व्याक्टेरियासम्मको मात्र ज्ञान थियो। यसैबिच सन् १८९२ मा रुसी वैज्ञानिक ब्रित्री इभानोस्कीले सुर्तिको बोटमा रोग ल्याउन कुनै गैरव्याक्टेरिया जीवाणुले संक्रमण गरिरहेको हुन सक्ने कुरा एउटा लेखमा प्रकाश पारे। उनको निष्कर्षकै आधारमा अनुसन्धान गर्दै जाँदा नेदरल्याण्डका अर्का वैज्ञानिक मार्टिनस बेइजेरिन्कले सन् १८९८ मा सूर्तिमा रोग लाग्नुमा साँच्ची नै एक किसिमको गैरव्याक्टेरिया जीवाणु जिम्मेवार भएको पत्ता लगाए। त्यस जीवाणुलाई 'टोबाको मोजाइक भाइरस' नामाकरण गरियो। अनुसन्धानबाट त्यस्ता भाइरसहरु हजारौं प्रकारका भएको पत्ता लाग्यो। बेइजेरिन्कले आफ्नो अनुसन्धान लेखमा ५ हजार प्रकारका भाइरसहरुबारे व्याख्या गरे। उनले बाहिरी प्राकृतिक वातावरणमा लाखौं प्रकारका भाइरसहरु भएको बताए। अहिले अनुसन्धानबाट के थाहा पाइएको छ भने पृथ्वीभित्र विद्यमान हरेक इकोसिस्टम अथवा प्राकृतिक जैव प्रणालीमा भाइरसको उपस्थिति छ।

भाइरस भन्ने शब्द ल्याटिन भाषाबाट आएको हो र यसको अर्थ विष हो। अर्थात् भाइरस नामाकरणले संक्रमण ल्याउने जीवाणुको अर्थ बोक्दछ। जीवाणु भनेको मानिस वा जनावरहरुमा संक्रमण ल्याउने सूक्ष्म जीव हो। भाइरसले जनावरहरुमा मात्र होइन वनस्पतिहरुमा पनि संक्रमण वा रोगको प्रकोप ल्याउँदछ।

एककोषीय सूक्ष्म जीवहरु र वहुकोषीय साना एवं सरल प्रकारका ठूला एवं जटिल प्रकारका सबै नै कोष र कोषहरुबाट बनेका हुन्छन्। व्याक्टेरिया, आर्किया, प्रोटोजोवा आदि वर्गका जीवहरु एक कोषीय हुन्। यिनीहरु नाङ्गो आँखाले देख्न नसकिने सूक्ष्म जीवहरु हुन्। यिनीहरुलाई सूक्ष्मदर्शक यन्त्रको सहायताले हेर्न सकिन्छ। नाङ्गो आँखाले देख्न मुश्किल हुने वहुकोषीय जीवहरु हाइड्रा, फन्जाइलगायतका जीवहरु पनि सरल प्रकारका जीवहरु नै हुन्। वहुकोषीय ठूला जटिल जीवहरुमा जनावरतर्फ किराफट्याङ्गादेखि, माछा, उभयचर, सरिसृप, स्तनधारी ठूला जनावर तथा मानवसम्म पर्दछन् भने वनस्पतितर्फ ढुसीदेखि, घाँस, बुट्यान, फूलनफुल्ने र फुल्ने गरी ठूला रुखसम्मका ठूला एवं जटिल बोटबिरुवाहरु पर्दछन्।

सूक्ष्म जीवहरु व्याक्टेरिया र आर्किया वर्गमा पर्ने जीवहरु कोषबाट बनेका भएपनि कोषबाट बनेका बाँकी अन्य सूक्ष्म या ठूला जीवहरुभन्दा कोषको संरचनागत हिसाबमा भिन्न छन्। त्यो भिन्नता के हो भने यिनीहरुको कोषभित्र न्युक्लेस हुन्न, जबकि अन्य सबै प्रकारका जीवहरुको कोषभित्र न्युक्लेस हुन्छ। त्यसैले वैज्ञानिकहरुले सम्पूर्ण जीवहरुलाई कोषभित्र न्युक्लेस हुने र नहुने समूहका रुपमा दुई खेमामा विभाजन गरेका छन्। कोषभित्र न्युक्लेस नहुनेलाई प्रोकार्योट्स र हुनेलाई युकार्योट्स भनिन्छ। व्याक्टेरिया र आर्किया वर्गमा पर्ने जीवहरु प्रोकार्योट्स वर्गमा पर्छन् भने मानव र ठूला रुखबिरुवासम्मका बाँकी जीवहरु युका-योट्स वर्गमा पर्छन्।

तर, भाइरस भने यी दुबै प्रोका(योट्स र युकार्योट्सभन्दा पनि भिन्न प्रकारको जीव समूह हो। भाइरस भन्ने जीवाणु कोषभित्र न्युक्लेस नहुने मात्र होइन कि यो त कोष नै नभएको कण रुपी जीव हो। व्याक्टेरियाभन्दा पनि सयगुणा सानो आकारमा हुने यो जीवले कुनै जीवको शरीरमा नपसीकन सन्तान उत्पादन गर्न सक्दैन।

भाइरस वास्तवमा स्वतन्त्र रुपले अस्तित्वमा रहन सक्ने कण हो। यस कणलाई भाइरियोन भनिन्छ। कुनै प्राणीको शरीरमा प्रवेश नपाउँदासम्म यस कणले जीवन पाउँदैन या यो भाइरसको रुपमा क्रियाशील हुँदैन। न यसलाई श्वास फेर्नु जरुरी छ, न त केही खानु नै पर्दछ। भाइरियोन कणभित्र भाइरसको गुण बोकेका वंशाणु पदार्थहरु डिएनए वा आरएनए संरक्षित रही बसेका हुन्छन्। वास्तवमा तिनीहरु विशेष प्रकारको संरचना भएका प्रोटिन अणुहरु हुन्। ती प्रोटिन अणुहरुलाई संरक्षण गर्नका लागि क्याप्सिड नामको आवरण रहेको हुन्छ। त्यही आवरणभित्र प्रोटिन अणुहरु सुरक्षित रहेका हुन्छन्। कुनै कुनै भाइरसमा प्रोटिन अणुहरुलाई चिल्लो पदार्थ (ष्ठिप्मक) ले छोपेको पनि हुन्छ। यी सबै कुराहरु हेर्नका लागि साधारण खालको अप्टिकल माइक्रोप्सकोपले काम गर्दैन। यसको लागि हजारौं गुणा ठूलो बनाई देखाउने इलेक्ट्रोन माइक्रोप्सकोपको जरुरी पर्दछ।

कुनै वस्तु जीवन भएको हुनका लागि त्यसले कम्तीमा पनि श्वास फेरेको (अक्सिजन लिएर कार्वनडाइअक्साइड फालेको) र सन्तान उत्पादन गरेको हुनु जरुरी पर्दछ। भाइरसमा यी दुबै गुण छैन। श्वास त यसले फेर्दैन नै तर कुनै जीवको शरीरभित्र प्रवेश पाएपछि (एक कोषीय व्याक्टेरियाजस्तो सूक्ष्म जीवदेखि मानवसम्मको उच्चकोटिको जीवको कोषभित्र) भने यसले तीव्र गतिमा सन्तान उत्पादन गर्दछ अथवा भनौं यसले आफूजस्तै प्रकारका कणहरु उत्पादन गर्दछ। भाइरसमा यस्तो गुण हुनुमा यसभित्र रहेका डिएनए वा आरएनए प्रोटिन अणुहरु नै जिम्मेवार छन्। यी कारणहरुले गर्दा भाइरस वास्तवमा जीव र निर्जिव वस्तु बिचको कण हो पनि भनिन्छ। तसर्थ, वैज्ञानिकहरुले यो जीव समूहलाई प्रोकार्योट्स वा युकार्योट्समध्ये कुनै पनि वर्गमा समावेश गरेका छैनन्।

जीवनका आधारभूत गुण नछुटेको सरल जीव समूह व्याक्टेरिया हो। यसलाई प्रोकार्योट्स जीव वर्गमा राखिएको छ। किनकि, यसको कोषभित्र न्युक्लेस छैन। जीवनका आधारभूत गुण भएर पनि न्युक्लेस नहुनुले यसले जीवन उत्पत्तिको पहिलो चरणको गुण बोकेको मानिन्छ। त्यसैले व्याक्टेरिया जीव समूहलाई पृथ्वीमा जीवन सुरु हुँदाको पहिलो जीवको रुपमा लिइएको छ। वैज्ञानिकहरुले पृथ्वीमा सबभन्दा पुरानो जीवावेशषको रुपमा ४ अर्ब २८ करोड वर्ष पहिलेको व्याक्टेरियाको जीवावशेष फेला पारेका छन्। पृथ्वीको निर्माण ४ अर्ब ५४ करोड वर्षपहिले भएको मानिन्छ भने महासागरको निर्माण ४ अर्ब ४१ करोड वर्षपहिले भएको अनुमान गरिएको छ। महासागर निर्माण भएको १३ करोड वर्षपछि नै व्याक्टेरिया रुपी पहिलो जीवको विकास पृथ्वीमा भएको वैज्ञानिकहरु बताउँदछन्।

भाइरसलाई पनि जीवको रुपमा मान्दा सम्भवतः यो व्याक्टेरियाभन्दा पनि अगाडि विकसित भएको हुनुपर्ने तर्क गर्न सकिन्छ। किनकि, यसको संरचना व्याक्टेरियाको भन्दा पनि सरल हुनुका साथसाथै यो निर्जीव र जीवको बिचमा रहेको छ।

**भाइरसमा परिवर्तन वा नयाँ भाइरसको विकास**

अमेरिकाको सेन्ट्रल मिचिगन युनिभर्सिटीको कलेज अफ मेडिसिनका वैज्ञानिक विलियम रवर्ट फ्लिस्चमान जुनियर भन्छन्, "वंशाणुगत छनौट परिणाम अनुसार भाइरसहरु निरन्तर बदलिरहन्छन्। उत्परिवर्तन (ङगतबतष्यल) को प्रक्रियाबाट उनीहरुमा सूक्ष्म वंशाणुगत परिवर्तन हुन्छ र वंशाणुहरुबिच पुनर्संयोजन भई तिनीहरुको संरचनामा नै मुख्य (major) परिवर्तन आउँछ। जब भाइरसको वंशाणुचित्र (genome) मा कुनै त्रुटि समाहित हुन्छ, तब उत्परिवर्तनले ठाउँ लिन्छ। जब सहसंक्रमणशील भाइरसहरुले वंशाणुगत सूचनाहरु आदानप्रदान गर्छन् तब पुर्नसंयोजन हुन्छ र त्यहाँ पहिलेभन्दा फरक नयाँ प्रकारको भाइरस (novel Virus) को विकास हुन्छ।"

तसर्थ, उत्परिवर्तनको प्रक्रियाबाट भाइरसहरुमा गुणात्मक परिवर्तन भइरहनुबाट नै नयाँनयाँ किसिमका भाइरसहरु देखापर्दै गर्नुको मुख्य कारण रहेको वैज्ञानिकहरु बताउँछन्। अहिले विश्वमा आतङ्क मच्चाइरहेको नोबल कोरोना भाइरस अर्थात् कोविड १९ पनि भाइरसहरुमा उत्परिवर्तनको प्रक्रियाबाट भइरहने निरन्तर परिवर्तनको क्रममा नै विकसित भएको भन्ने वैज्ञानिकहरुको कथन रहेको छ।

भाइरस कुनै पूर्ण जीव नभएको कारणले प्रयोगशालामा कोही वैज्ञानिकले रासायनिक प्रक्रिया गराई त्यसलाई उत्पन्न गराए कि भन्ने शङ्का गर्न पनि नसकिने होइन। तर, माथि भनिनै सकियो कि अहिले आतङ्क मच्चाइरहेको कोभिड १९ भाइरस कृत्रिम होइन र त्यो प्राकृतिक उद्विकासबाट नै उत्पन्न भएको हो भनी वैज्ञानिक एन्डर्सन र उनका सहअनुसन्धाताहरुले घोषणा गरिसकेका छन्। मुख्य कुरो के हो भने प्रकृतिमा हुने उत्परिवर्तनको प्रक्रियाबाट उद्विकास हुने कुरा भाइरसमा छोटो समयमा नै देखिने हुन्छ, जबकि अरु जीवहरुमा हुने त्यस्ता उत्परिवर्तनहरु प्रत्यक्ष र तत्काल देखिने खालका हुन्नन्।

**डार्विनको प्राकृतिक छनौटको सिद्धान्त**

वैज्ञानिक चार्ल्स डार्विनले जीवहरुमा निरन्तर परिवर्तन भइरहन्छ र त्यही परिवर्तनलाई प्रकृतिसँग अनुकूलता मिलाउन सक्ने प्रजातिले निरन्तरता पाउने र नसक्नेको लोप हुने बताएका थिए। उनका अनुसार यो प्राकृतिक प्रक्रिया भएकोले कुन प्रजातिलाई निरन्तरता दिने र कुनलाई लोप गर्ने भन्ने कुरो प्रकृतिले नै निर्धारण गर्दछ।

र, यही प्रक्रियाबाट पुराना प्रजातिहरुबाट नयाँनयाँ प्रजातिहरुको उद्विकास (evolution) हुने उनले बताए। यसैका आधारमा उनले प्रजातिहरुको उत्पत्ति प्रकृतिको छनौटको आधारमा हुने सिद्धान्त प्रतिपादन गरे। उनको त्यो सिद्धान्तलाई पछि विकासवाद भनियो। तर, डार्विनले प्रजातिहरुमा निरन्तर परिवर्तन किन हुन्छ भन्ने बारेमा कुनै तर्क र तथ्यसङ्गत बिचार दिएनन्। पछि डार्विनको सीमालाई पूर्ति गर्न सन् १९०१ मा अर्का वैज्ञानिक हुगो डि भ्रिजले उत्परिवर्तनको सिद्धान्त अगाडि ल्याए। उनले प्रजातिहरुको वंशाणुमा आउने आकस्मिक परिवर्तनले नै उनीहरुमा निरन्तर सूक्ष्म परिवर्तन भइरहने हो भन्ने सिद्धान्त प्रतिपादन गरे। त्यो सिद्धान्त नै उत्परिवर्तन (mutation) हो।

तसर्थ, अहिले कोभिड १९ भाइरसले विश्वमा आतङ्क मच्चाइरहेको नकारात्मक पक्ष एकातिर छ भने अर्कातिर यसलाई गहिरिएर अध्ययन गर्ने हो भने पृथ्वीमा यसअघि कहिल्यै नभएको भाइरसको नयाँ प्रजाति कोभिड १९ को उत्पत्ति उत्परिवर्तनको प्रक्रियाबाट भयो र यो प्राकृतिक छनौट हो भन्ने वैज्ञानिकहरुको निष्कर्षले डार्विनको विकासवादलाई बुझ्न सजिलो बनाएको छ। साभार : रातोपाटी

# मधेशमा कोरोनासम्बन्धि सचेतना आवश्यक



**डा. रामदेव पंडित**

विश्व कोरोनाको आतंकबाट त्रसित छ । महाशक्ति राष्ट्रहरू पनि कोरोनाको प्रकोपबाट बच्न सकेका छैनन् । केही दिन अघि मात्र विश्व स्वास्थ संगठनले नेपाल कोरोना प्रकोपको उच्च जोखिममा रहेको देखाएको छ । तर हर्षको कुरा अहिले सम्म कोरोना संक्रमणले नेपालमा प्रवेश पाईसकेको छैन ।

यस परिस्थितिमा नेपालमा प्रवेश गर्ने कोरोनाले मधेश एवं आम मधशीहरूलाई प्रभावित गर्दैन भनेर चुपचाप बस्नु मुर्खता हुनेछ । किन कि कोरोना प्रकोपको उच्च जोखिममा रहेको नेपालमै मधेश पर्छ । जहाँको स्वास्थ संस्थाहरू सबल छैनन् । मधेशी जनतामा स्वास्थ एवं सरसफाईको चेतना स्तर कमजोर रहेको पाइन्छ । अत: मधेश अन्य क्षेत्र भन्दा थप जोखिममा छ ।

कोरोना प्रकोपले ग्रसित चीनले नेपालका सबै सीमा बन्द गरिसकेको छ । नेपालको एक मात्र अन्तराष्ट्रिय विमानस्थलबाट हुने सबै अन्तर्राष्ट्रिय उडानहरू बन्द गरिका छन् । भारतमा कोरोनाले प्रभाव परिसकेको छ २ जनाको मृत्यस सकेत भईसकेको छ भने सयौं संक्रमित भएका छन्, , नेपालको भारतको खुल्ला सीमाक्षेत्रको अधिकाशं क्षेत्र मधेशसँग जोडिएको छन् । जहाँ मान्छेहरू निर्वाद रूपमा नेपाल भारत आउने जाने गर्दैछन् । त्यसबाट मधेशमा संक्रमण अझ सजिलै प्रवेश गर्न सक्ने देखिन्छ । भारत तर्फबाट पनि चारवटा नाका मात्र खुल्ला गरिएको छ भने अन्य नाकाहरुमा मालवाहक सवारीसाधान मात्र आवातजावत गर्न सकिने व्यवस्था गरिएको छ, सीमा नाकामा हेल्थ डेस्कहरु संचालन गरिएका छन् तर, यतिमात्र कोरोना रोकथामको लागि पर्याप्त भने छैन । यदि मधेशमा कोरोना संक्रमण भित्रिए र फैलिन सुरूभए परिस्थिति के होला ? के मधेशका स्थानीय सरकारहरू र प्रदेश सरकारहरू यस कुरा प्रति सचेत छन् त ? यस स्थितिमा मधेशका नेतृत्ववर्गहरू सचेत एवं संगठित रूपमा यस संवेदनशील विषयप्रति सक्रिय भएर लाग्नु आवश्यक छ ।

मेडिकल जर्नल अफ अष्ट्रेलिया र बेलायतबाट प्रकाशित हुने ल्यानसेट जर्नलमा प्रकाशित तथ्याङ्ग अनुसार ९० प्रतिशत करोरोना संक्रमित मान्छेमा निम्न ३ प्राथमिक लक्षण देखिन्छ भनिएको छ १. ज्वरो, २. खोँकी र ३. स्वास बढ्नु । यी ३ लक्षण दैखने बित्तिकै स्वस्थ परिक्षण गर्नु गराउनु पर्दछ । यसका लागि स्थानीय सरकारले सहज बातावरण बनाई दिनुपर्छ ।

मधेशमा मास्क लाउने चलन कमै मात्र रहेको थियो । यतिबेला स्थानी सरकारले मधेशी जनतालाई मास्को महत्व बताई उनीहरूलाई मास्क लगाउन प्रोत्सान गर्नुपर्छ । उनीहरूका लागि सहज र सुलभ रूपमा मास्क उपल्बध गराईदिनुपर्छ । भारतले मास्क नीर्यात बन्द गरी सकेको छ र नेपाल भारत खुल्ला सीमा क्षेत्रमा मास्को तस्करी र कालाबाजारी भईरहेको छ । त्यसलाई नियन्त्रण गर्नसक्नुपर्छ ।

मधेशमा अधिकाशं जनता किसान छन् जसलाई पटक पटक हातधुने कुर सिकाउन र गर्न बाध्य बनाउन सहज छैन । यसका लागि स्थानीय सरकार सक्रिय बन्नुपर्छ ।

मधेशमा स्थानीय रूपमा धेरै स्थानमा हाट बजार लाग्ने गर्दछ । जहाँ धैरे मानिसको जमघट हुने गर्दछ र संक्रमणका अनेक थरी स्रोतहरू पनि सँगै उपल्बध रहेको हुन्छ । ती हाट बजारलाई केही समयको लागि बन्द नै गर्नु पर्छ ।

जनजनलाई योगाभ्यास गर्न प्रेरित गर्नुपर्छ, भास्त्रिका, कपालभाँती र अनलोम विलोन प्राणायाम थप प्रभावकारी हुन्छ । माछा मासुको प्रयोग केही समय नगर्न सुचना प्रवाह गराउनु आवश्य छ । भोज भतेर पनि नगर्न गराउन सुचना प्रभावकारी रूपमा जारी गनुपर्छ ।

मधेशी जनता स्वयं पनि यसबेला सजगता अपनाउनु पर्छ । प्राकृतिक वनस्पतिजन्य खानेकुरा, व्यायाम, उपवास तथा तनावरहित सकारात्मक सोचबाट नै मानिसको इम्युनिटि शक्तिशाली हुन्छ । जसको लागि गुरूजी लत्तीको काढा र तुलसीको पातको रस पनि इम्युनिटि बुष्टरको रूपमा प्रयोग गर्न सकिन्छ । पटक पटक गरी दिन भरी तातो पानी वा तातो पानीमा बेसार राखेर पिउनुपर्छ । घरबाट बाहिर निस्कदा लहसुन र अदुवाको टुक्रा मुखमा राखेर सुपारीझैँ चुस्ने गर्न सकिन्छ । सार्वजनिक यातायातको यात्रालाई सकेसम्म पन्छाउने, होटलमा खान नजाने, अन्य व्यक्तिसँग स्वासप्रस्वासबाट प्रभावित ( सास जुध्ने स्थिति) बाट बच्नु नितान्त जरूरी छ ।

उपयुक्त खानाका रूपमा घरमै त्यार गरिएको भेजिटेबल सुप, मुङको दाल, खिचडी, परम्परागत खानपानमा भात, रोटी, सलाद आदि स्वस्थकर खान सबैलाई प्रोत्साहन गर्नुपर्छ । लसुन, प्याज, नरिवलको तेलका साथ बनेका खानेकुराहरू, अल्मोन्ड बदाम, ओखर आदि चिजहरू पनि खाने सल्लाह दिनुपर्छ ।

हरेक तरिकाले जनजनले आफ्नो रोग प्रतिरोधात्मक क्षमतालाई सबल बनाई राख्ने प्रयत्न गनुपर्छ । संक्रमण फाटफुट रूपमा देखापर्न थालेको अवस्थामा घरबाट बाहिर ननिस्कनु र घरलाई किटाणुनासक औषधीद्वारा सुरक्षित राख्नु जरूरी हुन्छ ।

मधेशमा होली एक बिशेष पर्व मानिन्छ । यस बर्ष उल्लासको वातावरण नभएकोले, होली न मनाउन आग्रह गरिनुपर्छ । होलीमा हुने जमघटले कोरोना संक्रमण आउने सम्भावना रहन्छ । अत: यसबर्ष बर्ष होली पर्व पारिवारिक स्तरमा मात्र सिमित रही मनाउन सरकारले हार्दिक अपिल गनुपर्दछ । *( मधेश दर्पण फिचर सेवा)*

# एसइइ स्थगितसँगै चैत मसान्तसम्म विद्यालय र कलेज पनि बन्द

**राजविराज**/कोभिड-१९ संक्रमण, रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको बैठकले एसइई परीक्षा स्थगित गरेको छ ।

कोभिड १९ नामक कोरोना भाइरसको संक्रमणबाट विश्वव्यापी रुपमा फैलिरहेका वेला सरकारले यो निर्णय गरेको हो ।

यही चैत ६ गते बिहीबारदेखि सञ्चालन हुने भनिएको माध्यमिक शिक्षा परीक्षा (एसइई) स्थगित गरेको हो । यस्तै सरकारले सम्पूर्ण विद्यालय र कलेज चैत मसान्तसम्मका लागि बन्द गर्ने निर्णय समेत गरेको छ ।

उपप्रधान तथा रक्षामन्त्री ईश्वर पोखरेल नेतृत्वको कोभिड-१९ रोकथाम तथा नियन्त्रण उच्च स्तरीय समितिले बुधबार २०७६ चैत मसान्तसम्मका लागि बन्द गर्ने निर्णय गरेको हो ।

स्थगित परीक्षा कहिले सञ्चालन गर्ने भन्ने बारे सरकारले निर्णय गरेको छैन । यस वर्ष चार लाख ८२ हजार ७०७ विद्यार्थीले एसईई परीक्षा दिँदै थिए ।

यस्तै बाल विकास केन्द्र तथा आधारभूत विद्यालय पनि बन्द गर्ने निर्णय गरिएको छ । कक्षा ११ र १२, स्नातक, स्नातकोत्तर लगायतका परिक्षा के हुने भन्नेबारे चाहिँ निर्णयमा उल्लेख गरिएको छैन ।












# कोरोना भाइरसको संक्रमणबाट बच्न र बचाउन सप्तरीमा विभिन्न सचेतनामूलक कार्यक्रम संचालन

**राजविराज**/कोरोना भाइरसको संक्रमणबाट बच्न र बचाउन अहिले सप्तरीका विभिन्न स्थानिय तह, वडा तथा संघसंस्थाहरुले विभिन्न सचेतनामूलक कार्यक्रम संचालनमा ल्याएको छ ।

जिल्लाको डाक्नेश्वरी नगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिका, तिलाठी कोईलाडी गाउँपालिका, विष्णुपुर गाउँपालिका, राजविराज नगरपालिका तथा सो नगरपालिका विभिन्न वडा, राष्ट्रिय युवा संघ नेपाल, सप्तरी उद्योग बाणिज्य संघ लगायतले जनतलाई कोरोना भाइरसको संक्रमणप्रति सचेत रहन सचेतनामूलक



कार्यक्रमका साथै साबुन पानीले हात धुने र मास्क लगाउन जनचेतना दिइरहेका छन् ।

विभिन्न स्थानिय तहले घरदैलो कार्यक्रमका साथै सार्वजनिक स्थानमा साबुन पानीले हात धुन प्रेरित गरिरहेका छन् भने राजविराज नगरपालिकाको विभिन्न वडादेखी मुख्य सडक तथा नगरपालिकाको कार्यलय अगाडी हात धुने साबुन पानीको व्यवस्था मिलाएको छ ।

भारतीय सिमा सँग जोडिएका डाक्नेश्वरी नगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिका, तिलाठी कोईलाडी गाउँपालिका र विष्णुपुर गाउँपालिकाका जनप्रनिधि समेत घरदौलो कार्यक्रम गर्दै जनताहरुलाई कोरोना भाइरसको संक्रमणबाट बच्न पर्चासहित मास्क बितरण गर्दै हात धुन सल्लाह दिएका छन् ।

यसैबीच जिल्ला प्रहरी कार्यालय सप्तरी तथा मातहतमा कार्यरत सम्पुर्ण प्रहरी कार्मचारीहरुलाई कोरोना भाईरसको संक्रमणबाट बच्नका लागी मास्क वितरण गरेका जनाएको छ ।

### आजदेखी ...

कामसँग सम्बन्धित सेवा, प्रिन्ट वा सरकारी छापाखानासम्बन्धी सेवा, हातहतियार खरखजाना वा अरु कुनै सैनिक सरसामानको उत्पादन गर्ने, थन्क्याउने, वितरण गर्ने कामसँग सम्बन्धित नेपाल सरकार रक्षा व्यवस्थाको कुनै सेवा रहेका छन् ।

त्यस्तै सञ्चार सेवा, आन्तरिक सुरक्षा कार्यसँग सम्बन्धित सेवा, खानेपानीको सञ्चालन तथा वितरण सेवा, पर्यटन आवास, मोटल, होटल, रेष्टुँरा र रिसोर्टसम्बन्धी सेवा, पेट्रोलिम पदार्थको पैठारी, ढुवानी, भण्डारण तथा वितरणसम्बन्धी सेवा, अस्पताल, स्वास्थ्य केन्द्र र औषधि निर्माण तथा बिक्री वितरणसम्बन्धी सेवा, फोहरमैलाको संकलन, ढुवानी, प्रशोधन, बिसर्जन, स्थान निर्माण, पूर्वाधार निर्माण र संकलन स्थल एवं व्यवस्थापनसँग सम्बन्धित सेवा, बैंकिङ सेवा, बिमा सेवा, विद्युत् सेवा र दैनिक उपभोग्य वस्तुहरू (खाद्यान्न, दालचामल, नुन, तेल)को पैठारी, ढुवानी, भण्डारण तथा वितरणसम्बन्धी सेवा रहेका छन् ।

त्यस्तै सरकारले चैत ९ देखि १८ गतेसम्म सबै अन्तर्राष्ट्रिय हवाई उडान स्थगित गरेको छ भने चैत १० गतेदेखि लामो दुरीका सार्वजनिक सवारी साधन सञ्चालनमा रोक समेत लगाएको छ ।

प्रधानमन्त्री ओलीले सम्बोधन गर्दै निजी क्षेत्रका सेवासँग सम्बन्धित कर्मचारी र सेवा प्रदायकले कर्मचारीलाई घरबाटै सेवा प्रदान गर्ने व्यवस्था मिलाउन आग्रह गर्दै सरकारी कर्मचारी र अत्यावश्यक सेवाका कर्मचारीले कार्यालयमै उपस्थित भएर सेवा दिने बताए ।

यसअघि सरकारले चैत मसान्तसम्म सम्पूर्ण विद्यालय र कलेज बन्द गर्ने निर्णय गर्नुका साथै सिनेमा हल, मल, नाइट क्लब, डान्स बार लगायतका बन्द गर्न निर्देशन दिएको थियो । त्यस्तै अतिआवश्यक काम बाहेक अरु समयमा घरबाट बाहिर ननिस्कन समेत आग्रह गरेको छ ।

त्यस्तै सरकारले २५ भन्दा बढी मानिसहरुको जमघट नगर्न तथा कोरोना भाइरसको संक्रमणबाट बच्न अनिवार्य रुपमा मास्क लगाउन र साबुन पानीले हातधुन जनतासमक्ष आग्रह गरेको छ ।

### कोरोना भाइरसको ...

उच्च मनोवलको साथ नआति, नघबराई, नडराई विकट परिस्थितिलाई सावधानीपूर्वक शाहासको साथ लड्नुपर्ने अवस्था अहिले देखिन्छ ।

अहिले तिलाठी कोइलाडी गाउँपालिका र राजविराज नगरपालिकाका केही वडा कार्यालयहरु सक्रिय रुपमा अभियानहरु संचालन गरिरहेका छन् । त्यस्तै साई कृष्णा मेडिकल स्थलमा क्वारेण्टाइनको व्यवस्था स्थानीय प्रशासन गरिएको छ भने गजेन्द्र नारायण सिंह अस्पताल, छिन्नमस्ता अस्पताल र यूनिक अस्पतालमा आइशोलेटेडको व्यवस्था मिलाएको साकारात्मक सन्देशको संकेतहरु रहेको छ । हामी त्यतिमा मात्र सिमित नरही प्रत्येक नगरपालिका, गाउँपालिकाहरुमा क्वारेण्टाइन कक्षाको व्यवस्था मिलाउन आवश्यक पहल संचालन गर्नुपर्ने अवस्था देखिन्छ । चिकित्सक तथा प्राविधिकहरुलाई स्थानीय सरकार, प्रदेश सरकार तथा संघीय सरकारले आवश्यक सम्पूर्ण प्रोत्साहनमूलक हौसलाहरु दिई सम्मानको साथ मर्यादित रुपमा चिकित्स र प्राविधिकहरुलाई कार्यहरुमा सफलता पाउनका लागि शुभकामना दिई परिचान गर्नुपर्ने देखिन्छ । आफ्नो ज्यानको बाजी समेत लगाई अरुलाई उपचार गर्ने भगवान स्वरुप स्वास्थ्यकर्मीहरुलाई जनमानस तर्फहरुबाट पनि प्रोत्साहनको अवस्था सिर्जना गर्नुपर्छ । अहिले नेपाली सेनाले देखाइरहेका तदरुपता तथा नेपाल प्रहरीले देखाइरहेका सक्रियतालाई पनि सम्मान गर्नुपर्ने अवस्था देखिन्छ । त्यसैकारण हामीपनि सचेत रही यस्ता महामारीहरुबाट आफु पनि बचौं, अरुलाई पनि बचाऔं अभियानका साथ अगाडि बढ्नुपर्ने सन्दर्भलाई सक्रिय रुपमा लिनुपर्ने देखिन्छ ।




## अन्तर्राष्ट्रिय समाचार

# इटालीमा एकै दिन ६ सय २७ जनाको मृत्यु, वृद्धवृद्धा उच्च जोखिममा

**रोम**/कोरोनाभाइरसको सङ्क्रमणका कारण इटालीमा एकै दिन ६४७ जनाको मृत्यु भएको इटालीका स्वास्थ्य अधिकारीले बताएका छन् । यो सहित इटालीमा मृत्यु हुनेको सङ्ख्या चार हजार ३२ पुगेको छ । एक महिनाअघि भाइरसको सङ्क्रमण देखिएयता इटालीमा भयावह अवस्था सिर्जना भएको छ । चीनपछि सबैभन्दा बढी व्यक्तिको इटालीमा मृत्यु भएको छ भने सङ्क्रमित व्यक्तिको सङ्ख्या पनि चीनपछि इटालीमै देखिएको छ । चीनमा करिब तीन हजार २५५ जनाको मृत्यु भएको थियो । इटालीको नागरिक सुरक्षा निकायका अनुसार इटालीमा कूल सङ्क्रमितको सङ्ख्या ४७ हजार २१ पुगेको छ । अघिल्लो दिनको तुलनामा शुक्रबार यो सङ्ख्या करिब १४.६ प्रतिशतले वृद्धि भएको हो ।

इटालीको राष्ट्रिय स्वास्थ्य इन्स्टिच्यूट (आइएसएस)का अनुसार मृत्यु भएका व्यक्तिको औसत उमेर ७८.५ वर्ष रहेको छ । मृत्यु भएकामध्ये सबैभन्दा कम उमेरका व्यक्ति ३१ वर्षका थिए भने सबैभन्दा बढी उमेरका व्यक्ति १०३ वर्षका थिए । त्यस्तै मृत्यु भएकामध्ये ४१ प्रतिशत ८० देखि ८९ वर्षका तथा ३५ प्रतिशत व्यक्ति ७० देखि ७९ वर्ष उमेरका थिए । इटालीमा जापानपछि विश्वमै सबैभन्दा बढी बुढ्यौली उमेरका व्यक्ति रहेका छन् । मुलुकको कूल जनसङ्ख्याको करिब २३ प्रतिशतको उमेर ६५ वर्षभन्दा माथि छ । चिकित्सा विज्ञको भनाइमा विश्वका अन्य भागको तुलनामा यहाँ मृत्युदर बढी किन भइरहेको छ भन्ने यही तथ्याँकले नै पुष्टी गर्दछ । मृत्यु भएका तीन हजार २०० व्यक्तिको सर्वेक्षणका आधारमा तयार पारिएको आइएसएसको प्रतिवेदनमा मृतकमध्ये ७०.६ प्रतिशत पुरुष र २९.४ प्रतिशत महिला रहेको उल्लेख छ । तुलनात्मकरुपमा कोरोना सङ्क्रमित व्यक्तिको औसत उमेर ६३ वर्ष रहेको छ ।

अध्ययनमा समेटिएका ४८१ जना मृतक व्यक्तिको गहिरो विश्लेषण गर्दा झण्डै ९९ प्रतिशतमा एक वा त्योभन्दा बढी किसिमका रोगबाट पीडित भएको देखिएको छ । करिब ७३.८ प्रतिशत व्यक्तिमा उच्च रक्तचाप थियो भने ३४ प्रतिशतमा मधुमेह र ३०.१ प्रतिशतमा मुटुरोग थियो । अस्पतालमा भर्ना हुँदा ७६ प्रतिशतमा ज्वरो आएको थियो भने ७३ प्रतिशतलाई श्वासप्रश्वासमा समस्या देखिएको थियो । करिब ४० प्रतिशतमा खोकी थियो भने आठ प्रतिशत व्यक्तिमा झाडापखाला लागेको थियो । प्रतिवेदनमा औसतरुपमा रोगको लक्षण देखिएपछि आठ दिनभित्र मानिसको मृत्यु उल्लेख छ । यी मानिस औसतमा चार दिनमात्र अस्पतालमा भर्ना भएको पाइएको छ । सर्वेक्षणमा समेटिएका तीन हजार २०० मृत्युमध्ये नौ जना मात्र ४० वर्षभन्दा मुनिका थिए । एजेन्सी

# कोरोनाबाट विश्वभर ११ हजार ४ सय १७ जनाको मृत्यु

**जेनेभा**/विश्वभर महामारीको रुप लिएको कोरोनाभाइरसको सङ्क्रमणबाट शनिबारसम्म ११ हजार ४१७ जनाको मृत्यु भएको छ, र यो सङ्ख्या दिनहुँ बढ्दो क्रममा रहेको छ । विश्व स्वास्थ्य सङ्गठनले सार्वजनिक गरेको विवरणअनुसार सङ्सारभर दुई लाख ७६ हजार व्यक्ति कोरोना भाइरस सङ्क्रमित भएका छन् । सङ्क्रमित व्यक्तिमध्ये ९१ हजार ९५४ जना उपचारपछि घर फर्किएका छन् । एक लाख ७३ हजार व्यक्ति हाल सङ्क्रमित रहेका छन् । कोरोना भाइरस कोभिड-१९ को सङ्क्रमण हालसम्म १७६ भन्दा बढी देशमा देखा परिसकेको छ ।

चीनको हुबे प्रान्तको उहान शहरबाट सुरु भएको कोभिड-१९ लाई विश्व स्वास्थ्य सङ्गठनले 'विश्वव्यापी महामारी'को सङ्ज्ञा दिएको छ । कोरोनाभाइरस सङ्क्रमणबाट चीनभरी तीन हजार २५५ व्यक्तिको मृत्यु भएको छ भने ८१ हजार जना सङ्क्रमित भएका थिए । चीनले अपनाएको उच्चतम सतर्कता, हुबे प्रान्तको राजधानी उहानसहित प्रान्तभर आवतजावतमा गरिएको प्रतिबन्ध, तत्काल उपचारसमेतका आपतकालीन व्यवस्थाले सङ्क्रमित व्यक्तिको मृत्युदर कम रहेको मानिएको छ ।

हाल कोरोनाभाइरसका कारण अत्यन्त प्रभावित इटालीमा चार हजार ३२ जनाको मृत्यु भइसकेको छ । बुढ्यौली जनसङ्ख्या बढी रहेको इटालीमा दैनिक मृत्युदर निकै कहालीलाग्दो अवस्थामा रहेको छ । हाल ३७ हजार ८६० जना सङ्क्रमित रहेको इटालीमा पाँच हजार १२९ व्यक्ति उपचारपछि घर फर्किएका छन् ।

मध्यपूर्वका राष्ट्रमध्ये इरानमा कोरोना भाइरसको सङ्क्रमण सबैभन्दा डरलाग्दो अवस्थामा छ । यहाँ कोरोनाकै कारण एक हजार ४३३ व्यक्तिको मृत्यु भइसकेको छ भने ११ हजार ४६६ जना सङ्क्रमित रहेका छन् । छ हजार ७४५ जना उपचारपछि घर फर्किएका बताइएको छ ।

स्पेनमा कोरोना भाइरसको सङ्क्रमणको कारण एक हजार ९३ व्यक्तिको मृत्यु भएको छ । हाल १८ हजार ८९० जना सङ्क्रमित रहेका छन् । शनिबार प्राप्त समाचारअनुसार एक हजार ५८८ व्यक्ति उपचारपछि निको भएर घर फर्किएका छन् । जर्मनीमा ६८ जनाको मृत्यु भएको छ भने १९ हजार ६०० जना सङ्क्रमित रहेका छन् । उपचारपछि १८० जना घर फर्किएका छन् ।

सङ्युक्तराज्य अमेरिकामा २७५ व्यक्तिको मृत्यु भएको छ । हाल १९ हजार ३५२ जना सङ्क्रमित रहेका छन् भने १४७ जनाको उपचार गरिएको छ । फ्रान्समा ४५० जनाको मृत्यु भएको छ । हाल १० हजार ५७५ जना सङ्क्रमित रहेका छन् । दक्षिण कोरियामा १०२ जनाको मृत्यु भइसकेको छ भने छ हजार ८५ जनामा अझै पनि सङ्क्रमण छ । कोरोनाभाइरस सङ्क्रमणका कारण स्वीजरल्याण्डमा ५६ जना, बेलायतमा १७७ जना, नेदरल्याण्ड्समा १०६ जना, बेल्जियममा ३७ जना र जापानमा ३५ जनाको मृत्यु भएको छ ।

भारतमा हालसम्म कम्तीमा २७० जनामा कोरोनाभाइरसको सङ्क्रमण देखिएको छ । पाँच जनाको मृत्यु भइसकेको भारतमा मोदी सरकारले आइतबार एक दिन "जनता कर्फ्यु" लागू गर्न र घरबाहिर कोहीपनि ननिस्कन आह्वान गरेको छ । दक्षिण एसियाली अन्य मुलुक श्रीलङ्कामा ७३, अफगानिस्तानमा २४, बङ्गलादेशमा २०, माल्दिभ्समा १३ र भुटानमा दुई जना सङ्क्रमित देखिएका छन् । नेपालमा भने हालसम्म एक व्यक्तिमा कोरोना सङ्क्रमणको आशङ्का गरिए पनि उनी उपचारपछि घर फर्किसकेका छन्, र नयाँ सङ्क्रमित व्यक्ति भेटिएका छैनन् । एजेन्सी

# कर्मचारीलाई धम्की दिएको कुरा गलत र निराधार

राजविराज/सप्तरीको तिलाठी कोईलाडी गाउँपालिकाका उपाध्यक्ष सुचिता कुमारी यादवका श्रीमान शिवनाथ यादवले निमित्त प्रशासकीय अधिकृत र सहलेखापाललाई गालीगलौजका साथै हातखुट्टा काट्ने धम्की दिएको समाचारप्रति गम्भिर ध्यानाकर्षण भएको जनाइएको छ।

गाउँपालिका उपाध्यक्ष सुचिता कुमारी यादव, वडा नं. १ अध्यक्ष दिनेश्वर मिश्र र कार्यपालिका सदस्य रिता साहद्वारा शनिबार जारि संयुक्त विज्ञप्तिमार्फत सो ध्यानाकर्षण भएको जनाइएको छ।

जारि विज्ञप्तिमा गाउँपालिकाका निमित्त प्रमुख प्रशासकिय अधिकृत राजुकुमार झा र सहलेखापाल लिलाराज श्रेष्ठलाई हातखुट्टा काट्ने धम्की दिएको भन्ने कुरा गलत र निराधार रहेको दाबी गरिएको छ।

जारि विज्ञप्तिमा गाउँपालिकाकी उपाध्यक्षको समेत चरित्र हत्या गर्नका लागि यस्तो किसिमको बनावटी निर्णय गरी गाउँपालिकालाई नै आच आउने गरी षडयन्त्र केही कथित बरिष्ठ राजनीतिककर्मीहरु भनाउनेहरुले गरीरहेको उल्लेख छ। गाउँपालिकाका अध्यक्ष सतिश कुमार सिंहका आफ्नै आफन्त वडा न. ४ र ५ का वडासचिव राम प्रसाद सिंहले षडयन्त्रपुर्वक गाउँपालिकामा तालाबन्दी गरीएको तथा विगतका दिनहरुमा समेत गाउँपालिकाका तालाबन्दी जस्ता क्रियाकलापहरुमा संलग्न रहेकोले पाईएको जनाइएको छ।

विज्ञप्तिमा भनिएको छ, "गाउँपालिकाकी उपाध्यक्षका पति शिवनाथ यादवले कर्मचारीहरुमाथि गरेको दुर्व्यवहारप्रति क्षमायाचना नगरे गाउँपालिकामा गरिएको तालाबन्दी कायमै राख्ने भनि विभिन्न संचारमाध्यममा आएको समाचार कपोकल्पित रहेकाले अगामी दिनमा यस्तो चरित्र हत्या गर्ने कार्य बन्द गर्नुपर्ने तथा गाउँपालिकामा देखिएका यथावत समस्याहरुलाई अविलम्व समाधान गर्नेतर्फ सम्पुर्ण पक्षसँग गम्भिर ध्यानाकर्षण गराउँन चाहन्छौं।"

# हिरासतमा रहेका थुनुवालाई मास्क वितरण

राजविराज/विश्वव्यापी रुपमा फैलिदै गएको कोरोना भाइरसको संक्रमणबाट जोगिनका लागि थुनुवाहरुलाई शनिबार मास्क वितरण गरिएको छ।

जिल्ला प्रहरी कार्यालय सप्तरीले हिरासतमा रहेका सम्पूर्ण थुनुवाहरुलाई मास्क वितरण गरेको जानकारी दिएको छ।



# राजपाबाट सिंह निष्काशित

राजविराज/राष्ट्रिय जनता पार्टी नेपाल सप्तरीले सप्तरीको तिलाठी कोईलाडी गाउँपालिका ४ निवासी राजपाका साधारण सदस्य सुरजित सिंहलाई पार्टीको सदस्यताबाट निष्काशन गरेको छ।

राजपा सप्तरीका जिल्ला संयोजक हरेराम यादवद्वारा शनिबार जारी विज्ञप्तीमा पार्टीका केन्द्रिय अध्यक्ष मण्डल समेतको मानमर्दन हुने गरी सिंहले केही अनलाईनमार्फत बनावटी सम्वाद टेप सार्वजनिक गरेका थिए। सोह बनाबटी टेलिफोन सम्वादकै आधारमा पार्टीका बरिष्ठ नेता तथा सांसद र अध्यक्ष मण्डलका शिर्ष नेताहरुको नाम जोडेर सिंगो पार्टीलाई नै बदनाम गर्ने काम गरेको भन्दै सिंहलाई पार्टीको साधारण सदस्यताबाट निष्काशन गरिएको उल्लेख छ।


नोभल कोरोना भाईरस (COVID-19) रोगको संक्रमणबाट बच्न अत्यावश्यक काम बाहेक सीमावर्ती क्षेत्रमा आवतजावत नगर्नु हुन सम्पूर्ण नेपाली नागरिकहरुलाई सूचित गरिन्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


# ट्रकको ठक्करबाट एकको मृत्यु

राजविराज/पूर्वपश्चिम राजमार्गअन्तर्गत सप्तरीको हनुमानगर कङ्कालिनि नगरपालिका १ स्थित भारदहमा ट्रकको ठक्करबाट शनिबार बिहान साइकलमा सवार एक व्यक्तिको मृत्यु भएको छ।

मृत्यु हुनेमा भारदह निवासी ३० वर्षीय कामी मुखिया रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ। पूर्वबाट पश्चिमतर्फ आउँदै गरेको को.१ख. ७३०८ नं को ट्रकले पूर्वपश्चिम राजमार्गअन्तर्गत मुखिया सवार साइकललाई ठक्कर दिएको थियो।

ठक्करबाट शरीरका विभिन्न भागमा चोट लागेर गम्भीर घाइते भएका मुखियाको गजेन्द्रनारायण सिंह अस्पतालमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ।

## सप्तरी उद्योग वाणिज्य संघ
(SAPTARI CHAMBER OF COMMERCE & INDUSTRY)
Rajbiraj, Saptari, Nepal
(नेपाल उद्योग वाणिज्य महासंघबाट स्वीकृत)

पत्र संख्या :
चलानी नं. :
राजविराज, सप्तरी (नेपाल)
स्थापित : २०१३ साल
मिति : ०७६।१२।०८

विषय : **प्रेस विज्ञप्ती।**

हाल विश्वभर फैलिएको कोरोना भाइरसका कारण हाम्रो मुलुक नेपालमा पनि फाटफुटरुपमा देखिन थालिएको छ। जसले गर्दा हाम्रो मुलुक लगायत विश्वकै जन जिवन प्रभावित भएको छ। र यसले गर्दा नेपाल लगायत विश्वकै अर्थतन्त्रमा समेत नराम्रो प्रभाव पारेको छ। (कोभिड १९) कोरोना भाईरसलाई अर्न्तराष्ट्र स्वास्थ्य संस्था डव्लुएचओले महामारीको रुपमा घोषणा गरि सकेको छ। यस महामारिको अवस्थामा सम्माननीय प्रधान मन्त्री ज्यूवाट भएको सम्वोधनवाट सरकारलाई सहयोग गर्न अपिल गर्नु भएको छ। आम नागरिकलाई सचेत वनाउँदै सक्दो सहयोग गर्नु हामी सबै निजी क्षेत्रको पनि प्रमुख दायित्व भित्र पर्दछ। कोरोना भाइरसका कारण सरकारले राजपत्रमा प्रकाशन गरिएका अत्यावश्यक सेवा वाहेकका अन्य सबै सेवाहरु चैत्र ९ गते देखि २१ गतेसम्म बन्द रहने समेत घोषणा गरिएको छ। यस्तो विषम परिस्थीतीमा सरकारले आवत जावत, सभा, सममेलन सेमिनाहरु नगर्न सवैमा सूचना समेत जारी गरि सकेको छ। यो अवस्थामा हामी विकास उन्मुख राष्ट्रका जनताहरु पनि अक्रान्त वनेका स्वभाविकै हो। यस विषम परिस्थीतीमा हामी उद्योगी व्यवसायीहरुले पनि सर्वसाधारण उपभोक्ताहरुलाई दैनिक उपभोग्य वस्तु लगायत औषधी सर्जिकल सामग्रीहरु सहजरुमा आपूर्ति गर्नु गराउनु हामी सबैको उत्तरदायित्व र जिम्मेवारी भित्र पर्दछ। साथै सर्वसाधारण उपभोक्ताहरुले पनि अनावश्यक अति आवश्यक दैनिक उपभोग्य वस्तुहरु भण्डारन नगरी सवै उपभोक्ताहरुलाई सहज हुने गरी खरिदारी गरी उद्योगी व्यवसायीहरुलाई सहजरुपमा विक्री वितरण गर्न सहयोग गरि दिनु हुन यस सप्तरी जिल्लका सम्पूर्ण उद्योगी, व्यवसायी तथा उपभोक्ताहरुसंग आफुसग भएको वस्तु तथा सेवालाई उपभोक्ता समक्ष सहजरुपमा उपलव्ध गराउन र वजारमा उपलव्ध रहेको अति आवश्यक वस्तु र सेवाहरु आवश्यक्ता अनुसारमा मात्र खरिदारी गरी संयमराखी वसी दिनु हुन र सम्वन्धीत उद्योगी व्यवसायीहरुले अति आवश्यक वस्तुहरु प्रयाप्त मात्रमा खरिद गरी सहजरुपमा विक्री वितरण गर्न गराउन सम्पूर्ण उद्यागी, व्यवसायी तथा उपभोक्ताहरुमा सप्तरी उद्योग वाणिज्य संघ हार्दिक अपिल गर्दछ। साथै व्यापारको नाममा अफुसंग भएको वस्तु गोदाममा राखी उच्च मुल्य तथा कालावजारी नगर्नु नगराउनु हुन समेत सवैमा अपिल छ। त्यस्तो गरेको पाइएमा प्रचलित ऐनकानून वमोजम स्थानिय प्रशासनद्वारा कार्यवाही हुने व्यहोरा सम्वन्धीत सवैको जानकारीको लागि यो प्रेस विज्ञप्ती जारी गरिएकको छ।

यस विषम परिस्थितीमा यस महामारीवाट गोगिन र समाजमा देखिएका त्रास र भयावह स्थितीलाई कावु भन्दा वाहिर नजान दिन हुनका लागि विभिन्न पेशागत संघ संस्था, सरकारी निकाय, राजनितिक दल, नागरिक समाज एवं पत्रकार वन्धुहरुमा जिम्मेवार भई साकारात्मक भूमिका निर्वाह गरी दिनु हुन समेत हार्दिक अपिल गदर्छौं।

हालको यस कोभिड १९ ले गर्दा उत्पन्न भयावह परिस्थितीलाई मध्य नजर गरी नेपाल सरकारले गरेका निर्णयहरुलाई स्वागत गर्दै विश्व वजारमा देखिएको आर्थिक मन्दीलाई दृष्टिगत गर्दै उद्योग व्यवासीमा आइ परेका समस्याहरुलाई समेत विचार गरी व्यवसायीहरुले यही चैत्र मसान्त भित्र तिर्नु पर्ने करहरु र बैंक ब्याज मिनहा गर्नु पर्ने तर्फ समेत सरकारले आवश्यक पहल हुन तर्फ ध्यानाकर्षण गराउन चाहन्छौं।

सप्तरी उद्योग वाणिज्य संघ
राजविराज

सम्पर्क नम्बर : ०३१-५२११६६, फ्याक्स नम्बर : ०३१-५२२०२९
Email.: sccirajbiraj@gmail.com
STOP CHILD LABOUR


NOVEL CORONA VIRUS (nCOV)
सर्वसाधारणका लागि जनचेतनामूलक संदेश

नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू





"नोवेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने।"

नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने?




नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग








देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
CITY EXPRESS Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


प्रकाशक : श्रीमती सुमित्रा गुप्ता, सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सह-सम्पादक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), लेआउट : संजय शेखर,
मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), इमेल : saptahiknavin@gmail.com, वेबसाइट : rajbirajdainik.com.np